लोक सेवा आयोग

नेपाल राष्ट्र बैंक, प्रशासन, सहायक द्वितीय, सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८२।१२।१४

पत्र : द्वितीय
समय : २ घण्टा ३० मिनेट

पूर्णाङ्क : १००

## विषय : Economics, Management and Laws

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

### खण्ड "क"

४० अङ्क

१. लगानीलाई उत्पादनमूलक क्षेत्रमा आकर्षित गर्न नेपाल राष्ट्र बैंकले चाल्नुपर्ने व्यावहारिक कदमहरू उल्लेख गर्नुहोस् । ५
(Mention the measures that Nepal Rastra bank should take to attract investment into productive sectors.)

२. नेपालको वित्तीय क्षेत्रमा देखिएका चुनौतीहरू उल्लेख गर्दै ती चुनौती सामना गर्न IMF को भूमिका वर्णन गर्नुहोस् । २+३=५
(Mention the challenges seen in financial sector of Nepal and describe the role of IMF to resolve those challenges.)

३. मौद्रिक नीतिका प्रत्यक्ष र अप्रत्यक्ष उपकरणहरू के के हुन्? वित्तीय क्षेत्रको स्थायित्वको लागि मौद्रिक नीतिले कसरी भूमिका खेलेको हुन्छ? लेख्नुहोस् । ४+६=१०
(What are direct and indirect instruments of monetary policy? How monetary policy plays role for the stability of financial sector? Write.)

४. आर्थिक विकासलाई परिभाषित गर्नुहोस् । नेपालको आर्थिक विकासको विद्यमान अवस्था चित्रण गर्नुहोस् । ३+७=१०
(Define economic development. Draw the present situation of economic development of Nepal.)

५. कुल गार्हस्थ उत्पादन र कुल राष्ट्रिय उत्पादनका बिचमा के के फरक छन्? नेपालको कुल गार्हस्थ उत्पादनमा उपभोग, बचत र लगानीको सम्बन्ध चर्चा गर्नुहोस् । ५+५=१०
(What are the differences between Gross Domestic Product (GDP) and Gross National Product (GNP)? Discuss the relationship among consumption, saving and investment in GDP of Nepal.)

### खण्ड "ख"

३० अङ्क

६. परम्परागत फाइल प्रणालीलाई विस्थापित गर्दै वर्तमान सूचना प्रविधिको प्रयोग गरी अभिलेखलाई कसरी सुरक्षित र व्यवस्थित बनाउन सकिन्छ? उदाहरणसहित प्रस्तुत गर्नुहोस् । ५
(How can records be made secure and organized by utilizing current information technology to replace traditional filing systems? Present with examples.)

७. कार्यसम्पादन मूल्यांकन भनेको के हो? वित्तीय संस्थामा सहायक कर्मचारीको कार्यसम्पादन मूल्यांकनका आधारहरू के के हुन सक्दछन्? लेख्नुहोस् । २+३=५
(What is performance appraisal? What are the criteria of performance appraisal for assistant level employee/staff in financial institution? Write.)

८. औद्योगिक सम्बन्ध भनेको के हो? औद्योगिक प्रतिष्ठानमा असल औद्योगिक सम्बन्ध कायम गर्ने उपायहरू बताउनुहोस् । ३+७=१०
(What is industrial relation? Present the approaches to establish good and harmonic industrial relation in industry.)

क्रमशः

९. उत्प्रेरणाको सैद्धान्तिक पक्षउपर प्रकाश पार्नुहोस् । नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावलीमा कर्मचारी उत्प्रेरणासम्बन्धी भएका व्यवस्थाहरू उल्लेख गर्नुहोस् । ५+५=१०
(Shed light on the theoretical aspect of motivation. Write down the provisions regarding motivation in the Nepal Rastra Bank Employee Service Bylaw.)

## खण्ड "ग" ३० अङ्क

१०. नेपालको संविधानमा उल्लेखित "राज्यका आर्थिक नीतिहरू" ले नेपालको अर्थतन्त्रलाई आत्मनिर्भर र उन्नत बनाउन कसरी मार्गनिर्देशन गरेका छन्? उल्लेख गर्नुहोस् । ५
(How do the 'Economic Policies of the State' mentioned in the Constitution of Nepal provide guidance to make Nepal's economy self-reliant and advanced? Mention.)

११. कस्तो अवस्थामा नेपाल राष्ट्र बैंकले कुनै बैंक वा वित्तीय संस्थाको संस्थापना गर्न वा विदेशी बैंक वा वित्तीय संस्थाको शाखा कार्यालय खोल्नका लागि पूर्व स्वीकृति दिन इन्कार गर्न सक्नेछ? लेख्नुहोस् । ५
(In which circumstances may Nepal Rastra Bank deny to grant prior approval for incorporation of any bank or financial institution and for opening branch office of the foreign bank or financial institution? Write down.)

१२. विदेशी विनिमयमा भुक्तानी हुने गरी पैठारी गर्ने पैठारीकर्ताको दायित्व के के रहेका छन्? उल्लेख गर्नुहोस् । ५
(What are the duties of an importer who makes payment in foreign exchange for imports? Present.)

१३. बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ को उदेश्य उल्लेख गर्नुहोस् । ५
(Write down the objectives of Bank and Financial Institution Merger and Acquisition Bylaws, 2073.)

१४. सम्पत्ति शुद्धीकरण भनेको के हो? नेपाल हाल Financial Action Task Force (FATF) को खैरो सूचीमा पर्नुका कारणहरू उल्लेख गर्दै यसबाट बाहिर निस्कने उपायहरू लेख्नुहोस् । २+४+४=१०
(What is Money Laundering? Mention the reasons behind Nepal falling in Grey List of Financial Action Task Force (FATF) and write the ways to exit from this list.)

:: समाप्त ::